# जन्तेढुङ्गा गाँउपालिका

## आर्थिक ऐन, २०८३

सभाबाट स्वीकृत मिति:- २०८३/०३/०९

प्रमाणिकरण  मिति:- २०८३/०३/२५

स्थानीय राजपत्रमा प्रकाशित मिति:- २०८३/०३/२६

गाँउसभाले पारित गरे बमोजिम यो ऐन (संख्या १, जम्मा पृष्ठ संख्या १६) ठिक छ भनि प्रमाणिकरणका लागि अध्यक्ष समक्ष पेस गर्दछु ।

.........................................

सुमन गुरागाई

गाँउ सभा सचिव

मिति:- २०८३/०३/२५

जन्तेढुङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिसापानी, खोटाङ कोशी प्रदेश, नेपाल २०७३

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

# जन्तेढुङ्गा गाउँपालिकाको आर्थिक ऐन, २०८३

**प्रस्तावनाः** जन्तेढुङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५४ मा भएको व्यवस्था र कोशी प्रदेशको गाउँसभा र नगरसभा संचालन ऐन, २०७५ को परिच्छेद ५ को दफा ३३ को (२) बमोजिम गाउँसभाले पारित गरी आर्थिक ऐन, २०८३ बनेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "जन्तेढुङ्गा गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि जन्तेढुङ्गा गाउँपालिका क्षेत्र,खोटाङमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम एकिकृत सम्पति कर घर जग्गा कर लगाईने र असुल उपर गरिनेछ ।

३. **भूमि कर (मालमोत)** गाउँपालिका क्षेत्रभित्र सम्पति कर लाग्ने भुमि बाहेकमा अनुसूची २ बमोजिम भुमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

४. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची -३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी वा आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय दर्ता/नविकरण कर शुल्क लगाई असूल उपर गरिनेछ ।

(क) अलग अलग शाखा वा व्यवसाय संचालन भएमा अलग अलग शुल्क तथा कर असुल गरिने छ ।

(ख) अन्य निकायमा दर्ता भई यस कार्यालयमा दर्ता वा नविकरण हुन आउने व्यवसायलाई सम्बन्धित वर्षको आर्थिक ऐनले तोके बमोजिम कर निर्धारण हुनेछ ।

६. **कृषि जन्य वन पैदावार जडिबुटी, कबाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले वन जन्य काठ तथा कू-काठ, उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंह, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत् अनुसूची -५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा कोशी प्रदेश आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ ।

८. **मनोरञ्जन करः** कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८३ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका अनुसूची ६ मा उल्लेख भए अनुसार ब्याक हो लोडर बहाल शुल्क, एम्बुलेन्स संचालन बहाल शुल्क, हाट बजार वा रात्री बजार विषेश मेलापर्व बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१०. **सडक मर्मत एवं सवारी साधन पार्किङ्ग शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत र गाउँपालिकाले सडक मर्मत गरिने भएकोले अनुसूची ७ बमोजिम सडक मर्मत एवं पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरिनेछ ।

जन्तेढुङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिसापानी, भोजपुर, कोशी प्रदेश, नेपाल

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

११. **सेवा शुल्क र दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची -८ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको अन्य सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम कर, शुल्क वा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

(क) आय सिफारिस र जग्गाको मूल्याङ्कन तोकिएको भन्दा बढी बजार मूल्यसँग मिल्ने गरी मूल्याङ्कन गर्नुपर्ने अवस्थामा बढी मूल्यको आय श्रोत वा सम्पति मूल्याङ्कन शुल्कमा ०.०५ प्रतिशतले असुल गरिनेछ ।

१२. **पर्यटन शुल्कः** कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८३ मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. **दहत्तर बहत्तर करः** ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, चुनढुङ्गा, खरी ढुङ्गा, अभ्राख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क वा कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ ।

१४. **जरिवानाः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निषेध गरिएको सार्वजनिक क्षेत्र वा व्यापार व्यवसाय वा फोहोर मैला व्यवस्थापन, विवाद, झैझगडा, द्वन्द्व बापत तथा यस विधेयक र अन्य प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूची -९ बमोजिमको जरिवाना गरी असुल उपर गरिनेछ ।

१५. **सामुदायिक वनबाट आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख बमोजिम हुनेछ ।

***नोटः-*** सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपभोग सम्बन्धि आफ्नो बार्षिक कार्य योजना बनाई जन्तेढुङ्गा गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

१६. **घर जग्गा रजिष्ट्रेशन शुल्कः** कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ ।

१७. **सवारी साधन करः** कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ र टाँगा, रिक्सा, अटोरिक्सा र इ-रिक्साको सवारी कर लगाईने र असूल उपर गरिनेछ ।

१८. **सहकार्यमा राजश्व सङ्कलन गर्न सकिनेः** राजश्व सङ्कलन गर्दा छिमेकी अन्य पालिकाहरुका साथै अन्य सेवा प्रदायकहरुसँगको सहकार्य प्रभावकारी हुने देखिएमा गाउँकार्यपालिकाले निर्णय गरी सहकार्यमा राजश्व सङ्कलन गर्न सक्नेछ ।

१९. **सूचनाको हक प्रयोग गरी मागिएका सूचनाहरुः** सूचना हक सम्बन्धि नियमावली २०६५ को नियम ४ (१) को (क) (ख) (ग) (घ) मा उल्लेख भए बमोजिमको दरमा शुल्क लिई उपलब्ध गराईनेछ।

२०. **विविधः**

<u>**लिनु पर्ने कर शुल्क आदि नलिएमाः-**</u>

१. आर्थिक ऐन, २०८३ र अन्य प्रचलित ऐन कानून अनुसार लिनु पर्ने रकम नलिएमा, तिर्नु पर्ने रकम नतिरेमा सम्वन्धित व्यक्ति वा संस्थावाट तोकिएको रकमको थप १० प्रतिशतले हुने रकम बरावर असुल उपर गरी कारवाहीका लागि सिफारिस समेत गरिने छ ।

२.व्यवसाय नियमित नवीकरण २०८३ सालको असोज मसान्त भित्र गरिसक्नु पर्ने छ । पौष मसान्त सम्म नविकरण गर्ने लाई नवीकरण रकमको १० प्रतिशत जरिवाना गरिने छ।चैत्र मसान्त सम्म नवीकरण गर्नेलाई

जन्तेढुङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिसापानी, खोटाङ कोशी प्रदेश, नेपाल

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

नवीकरण रकमको २० प्रतिशत जरिवाना गरिने छ र असार मसान्त सम्म नविकरण गर्ने लाई नविकरण रकमको २५ प्रतिशत जरिवाना गरिने छ ।

३. दर्ता/नविकरण नगरी कारोवार गरेमा पहिलो वर्ष थप रु. १०००।-, दोश्रो वर्षमा थप रु. ३०००।-, तेश्रो वर्षमा थप रु. ५०००।- सो भन्दा बढी वर्षको थप रु. १००००।- जरिवाना लाग्नेछ।

४. गाउँपालिकामा दर्ता नगरी संचालित व्यापार, व्यवसायीहरुसँग हाटबजार कर सरह दैनिक कर असुल गरिनेछ ।

**खानेपानी:-**

खानेपानी व्यवस्थापन संस्थाबाट खानेपानी महशुलबाट उठेको रकमको १० प्रतिशत असुल गरिनेछ ।

**कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन । तर

(क) चालु आर्थिक वर्षसम्म करको दायरामा नआएका जुनसुकै उद्योग, व्यापार, व्यवसाय कम्पनी, संस्थाहरुले २०८३ पौष मसान्त भित्र दर्ता/नविकरण गर्न आएमा जरिवाना रकमको ९० प्रतिशत छुट हुनेछ ।

२१. **बक्यौता कर असुली सम्बन्धि व्यवस्थाः** जन्तेढुङ्गा गाउँपालिकामा व्यापार व्यवसाय गरी दर्ता/नविकरण नियमित नगर्ने व्यवसायहरुको हकमा देहाय बमोजिमको प्रकृया मनन गरी दर्ता/नविकरण शुल्क वा कर असुल गरिने छ ।

(क) २०८३ श्रावण महिनामा वडा कार्यालयले २१ दिनको समय तोकी सार्वजनिक सूचना जारी गर्ने ।

(ख) खण्ड 'क' बमोजिमको अवधि भित्र दर्ता/नविकरण नभएमा २०८३ भाद्र महिनामा जन्तेढुङ्गा गाउँपालिकाको कार्यालयले १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(ग) खण्ड 'ख' बमोजिम तोकिएको अवधि भित्र दर्ता/नविकरण गरी कर शुल्क दाखिला नगरेमा व्यवसाय स्थल, घर, भवन आदिमा ७ दिनको सूचना टाँस गरिनेछ ।

(घ) खण्ड 'ग' बमोजिम प्रकृया सम्पादन गर्दा समेत दर्ता/नविकरण प्रकृयामा नआएमा त्यस्ता व्यवसायको सम्पति, व्यवसाय वा अन्य कर योग्य कारोवारको मूल्याङ्कन गरी नियम अनुसार सरकारी बाँकी अनुसार असुल उपर गरिनेछ ।

२२. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन गर्नका लागि यस विधेयक सँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने छ ।

२३. **अन्य व्यवस्थाः** यस गाउँपालिकाका विषयगत शाखा वडा तथा अन्य कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवा सँग आवद्ध गरी अनिवार्य असूल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ । तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता गर्दा प्रतिवद्धता पत्र लिई सेवा प्रवाह गर्न बाधा पुगेको मानिने छैन ।

२४. यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम र गाउँपालिकाको अन्य ऐनमा तोकिएको भएमा सोहि ऐन/नियम र कार्यविधी बमोजिम हुनेछ ।

२५. **ऐनको व्याख्या तथा खारेजी :**



अरुणा देवी राई

(१) यस ऐनमा उल्लेख नभएका विषयको हकमा गाउँ कार्यपालिकाले करको दर व्याख्या गर्न सक्नेछ ।

(२) गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानून तथा अन्य ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछ ।

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित सम्पति करको दर)

| घरको प्रकार | | दर प्रतिशतमा | कर रकम रु. |
|---|---|---|---|
| घरधुरी कर | १. फुसको छाना भएको २ तल्ले (बार्षिक) | | निःशुल्क |
| | २. करकटपाताको छाना भएको १ तल्ले (बार्षिक) | | १००।- |
| | ३. करकटपाताको छाना भएको २ तल्ले (बार्षिक) | | १५०।- |
| | ४. करकटपाताको छाना भएको २ तल्ले बरन्डा समेतको र | | ३००।- |
| | १ तल्ले पक्की घर ४ कोठा भन्दा कम भएको (बार्षिक) | | ५००।- |
| | ५. पक्की घर १ तल्ले ४ कोठा भन्दा बढी (बार्षिक) | | ७००।- |
| | ६. पक्की घर २ तल्ले ४ कोठा भन्दा बढी (बार्षिक) | | १०००।- |
| | ७. पक्की घर ३ तल्ले वा सो भन्दा माथि ४ कोठा भन्दा बढी (बार्षिक) | | ५०००।- |
| | ८. आम्दानी र सम्पति विवरण प्रमाणित | | १०००।- |
| | ९. घर कायम र घर मूल्यांकन | | ५००।- |
| | १०. घडेरी योग्य जग्गा प्रमाणित | | ५००।- |

## अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

जन्तेढुङ्गा गाउँपालिका क्षेत्र भित्र रहेका जग्गाहरुको भुमिकर/मालपोत दस्तुर

| क.स. | प्रकार | दर | | कैफियत |
|---|---|---|---|---|
| | | कृषि लगायत | घडेरी | |
| १. | अब्वल-प्रतिरोपनी | रु.१०।- | | |
| २. | दोयम-प्रतिरोपनी | रु. ९।- | | |
| ३. | सीम-प्रतिरोपनी | रु. ८।- | | |
| ४. | चाहार-प्रतिरोपनी | रु. ७।- | | |
| ५. | चिसापानी बजार क्षेत्रमा रहेका घर घडेरी योग्य जग्गा चार आना भन्दा कम | ०-४-०-० | रु.१०।- | |
| ६. | चिसापानी बजार क्षेत्रमा रहेका घर घडेरी योग्य जग्गा चार आना देखि आठ आना सम्म | ०-४-०-०/०-८-०-० | रु.२०।- | |
| ७. | चिसापानी बजार क्षेत्रमा रहेका घर घडेरी योग्य जग्गा आठ आना देखि बाह्र आना सम्म । | ०-८-०-०/०-१२-०-० | रु. ३०।- | |

| ८. | चिसापानी बजार क्षेत्रमा रहेका घर घडेरी योग्य जग्गा बाह्र आना देखि बाह्र एक रोपनी सम्म । | ०-१२-०-०/१-०-०-० | रु. ४०।- | |
|---|---|---|---|---|
| ९. | एक रोपनी भन्दा माथि २ रोपनी सम्म प्रति रोपनी । | | रु. ५०।- | |

<u>नोटः-</u>

१. २०८३ कार्तिक मसान्त सम्ममा मालपोत रकम तिर्ने नागरिकलाई यस भन्दा अगाडिका सबै जरिवाना छुट हुनेछ ।

२. बुदा नं. १ मा उल्लेखित छुट सुविधा नलिई स्थानीय सरकारको आर्थिक समृद्धिमा सहकार्य गर्ने सेवाग्राहीलाई गाउँपालिकाले राष्ट्रिय तथा स्थानीय विशेष दिनको अवशरमा सम्मान गर्नेछ ।

३. २०८३ कार्तिक मसान्त पछि, २ वर्ष भन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा करमा २५ प्रतिशत, पाँच वर्ष भन्दा लामो समयसम्म कर नवुझाउनेलाई जम्मा करमा ३५ प्रतिशत, आठ वर्ष भन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा करमा ५० प्रतिशत थप जरिवाना समेत लाग्ने छ ।

४. मालपोत उठाउने अधिकार स्थानीय सरकारलाई संविधानको अनुसुचि ८ को बुद्दा न.४ मा स्थानीय कर भनि उल्लेख गरिएको छ। उक्त अधिकारको अभ्यास स्थानीय सरकारले गर्दा त्यस्तो दायित्व भुक्तान गर्ने नागरिकलाई गाउँपालिकाबाट प्रवाह गरिने सेवामा प्राथमिकता र भुक्तान नगर्नेलाई सेवा पहुचमा प्राथमिकता कम दिइनेछ ।

## अनुसूची-३

उपदफा (४) सँग सम्बन्धित

घरबहाल कर

| क्र.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १. | कुनै पनि व्यक्ति वा संस्थालाई घरधनीले घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडा, बहाल कर, रोयल्टी र लिजमा दिएमा सम्झौता रकमको | १०% | |

## अनुसूची-४

उपदफा (५) सँग सम्बन्धित

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने व्यवसाय दर्ता/नविकरण करको दर

| क्र.सं. | विवरण | दर्ता/अनुमति | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| १. | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल | ५००।- | २५०।- | |
| २. | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | २०००।- | १०००।- | |
| ३. | तालिम हल, एट्याच ट्वाइलेट बाथरुम, वाईफाई सहितको होटल | ३०००।- | १५००।- | |
| ४. | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) | २०००।- | १०००।- | |
| ५. | सवारी साधन विक्रेता | २००००।- | १००००।- | |
| ६. | सवारी साधन/मर्मत/ग्यारेज/ग्रिल | २०००।- | १०००।- | |

| | | | | |
|---|---|---|---|---|
| ७. | कपडा/जुत्ता/चप्पल पसल, | २०००।- | १०००।- | |
| ८. | नर्सरी (फलफूल, कृषिजन्य बोटबिरुवा उत्पादन बिक्री वितरण), | १०००।- | ५००।- | |
| ९. | मेडिकल/एग्रोभेट (खुद्रा डाक्टर भएको) | २०००।- | १०००।- | |
| १०. | मेडिकल/एग्रोभेट (खुद्रा) | १०००।- | ५००।- | |
| ११. | मेडिकल/एग्रोभेट (थोक) | १००००।- | ५०००।- | |
| १२. | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामग्रीहरु) सम्बन्धी पसल(थोक) | ३०००।- | १५००।- | |
| १३. | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामग्रीहरु) सम्बन्धी पसल(खुद्रा) | २५००।- | १०००।- | |
| १४. | पेय पदार्थ/मादक पदार्थ उत्पादन तथा विक्री वितरण गर्ने | २०००।- | १०००।- | |
| १५. | सुर्तीजन्य पदार्थको प्याकीङ्ग/विक्री वितरण | ५०००।- | ३०००।- | |
| १६. | हार्डवेयर व्यवसाय | ३०००।- | १५००।- | |
| १७. | भाँडाकुँडा पसल | २०००।- | १०००।- | |
| १८. | फर्निचर/मिल व्यवसाय | ३०००।- | १५००।- | |
| १९. | इन्धन व्यवसाय | ३०००।- | १५००।- | |
| २०. | कस्मेटिक पसल, व्युटी पार्लर | १०००।- | ५००।- | |
| २१. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्री वितरण गर्ने पसल (थोक) | ५०००।- | ३०००।- | |
| २२. | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्री वितरण गर्ने पसल (खुद्रा) | ३०००।- | १५००।- | |
| २३. | सुनचाँदी पसल | ३०००।- | १५००।- | |
| २४. | मनी एक्स्चेन्जर (IME लगायत) | ३०००।- | १५००।- | |
| २५. | बैंकिङ तथा बित्तीय कारोवार गर्ने संस्था | १००००।- | ५०००।- | |
| २६. | एफ. एम. रेडियो | १००००।- | ५०००।- | |
| २७. | ट्राभल्स एण्ड टुर्स, ट्रेकिङ एजेन्सी | ५०००।- | २०००।- | |
| २८. | कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिप फ्लायर, र्याफ्टिङ, पाराग्लाइडिङ | १००००।- | ५०००।- | |
| २९. | फ्रेस हाउस | १०००।- | ५००।- | |
| ३०. | स्टेशनरी | १०००।- | ५००।- | |
| ३१. | ईलेक्ट्रोनिक्स पसल (मोवाइल, कम्प्युटर, ल्यापटप, विजुलीका सामानहरु लगायत अन्य इलेक्ट्रोनिक्स सामानहरु) | ३०००।- | १५००।- | |
| ३२. | टेलर, सैलुन | ५००।- | २००।- | |
| ३३. | 'घ' वर्गको निर्माण व्यवसाय दर्ता/नविकरण | १००००।- | ५०००।- | |
| ३४. | लघु घरेलु र साना उद्योग दर्ता | १०००।- | ५००।- | |
| ३५. | बोर्डिङ स्कुल आ.वि. | ५०००।- | २५००।- | |
| ३६. | ढुवानी तथा ट्रान्सपोर्ट व्यवसाय | ५०००।- | २५००।- | |
| ३७. | कुटानीं पिसानी(सानो) | ५००।- | २५०।- | |
| ३८. | कुटानी पिसानी(ठुलो) | ३०००।- | १५००।- | |

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

अरुणा देवी राई

अरुणा देवी राई

| | | | | |
|---|---|---|---|---|
| ३९. | ठुलो स्काभेटर | ३००००।- | १५०००।- | |
| ४०. | सानो स्काभेटर | २००००।- | १००००।- | |
| ४१. | अन्य व्यवसाय | १०००।- | ५००।- | |
| ४२. | कृषक समुह दर्ता | १०००।- | ५००।- | |
| ४३. | कृषि ब्यसाय दर्ता | ५००।- | २००।- | |
| ४४. | खानेपानी संस्था दर्ता | १०००।- | ५००।- | |
| ४५. | सामुदायीक वन दर्ता | ५००।- | ३००।- | |
| ४६. | कृषि/पशु पंक्षी र मत्स्य फर्म | १०००।- | ५००।- | |
| ४७. | ईन्टरनेट सेवा प्रदायक संस्था | ३०००।- | १०००।- | |
| ४८. | बहुउदेश्य सहकारी संस्था | २०००।- | १०००।- | |
| ४९. | बचत तथा रिण सहकारी | २०००।- | १०००।- | |
| ५०. | कृषि सहकारी संस्था | १०००।- | ५००।- | |
| ५१. | संचार सहकारी संस्था | २०००।- | १०००।- | |
| ५२. | तालिमा प्रदायक संस्था | २०००।- | १०००।- | |
| ५३. | घरेलु उधोग | १०००।- | ५००।- | |
| ५४. | साना उधोग | १०००।- | ५००।- | |
| ५५. | जलउपभोक्ता संस्था | १०००।- | ५००।- | |
| ५६. | टोल विकास संस्था | ५००।- | २००।- | |
| ५७. | संस्था दर्ता गैर नाफामुलक | १०००।- | ५००।- | |
| ५८. | संस्था दर्ता नाफामुलक | २०००।- | १०००।- | |
| ५९. | अन्तराष्ट्रिय गै.स.स. | ५०००।- | २०००।- | |

**नोट:-** माथी उल्लेखित अनुसार कारोबार/व्यवसाय/संस्था स्पष्ट नखुलेमा कारोबार /व्यवसाय /संस्थाको प्रकृति हेरी दर्ता तथा नविकरण शुल्क असुलउपर गरिनेछ।

## अनुसूची-५

(दफा ६ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाइने जडिबुटी, जीवजन्तु तथा कबाडी कर

(क) कृषि जन्य वन पैदावार जडिबुटी, कवाडी र जीवजन्तु कर

| सि.नं. | शिर्षक | ढुवानी साधनको किसिम | दररेट- |
|---|---|---|---|
| १. | खयर,ओखर,सखुवा लागायत राम्रो प्रजातिको काठ | प्रति क्यु.फिट | रु. २०।- |
| २. | चिलाउने, उत्तिस, मलातो प्रजातीका कुकाठ | प्रति क्यु.फिट | रु. ५।- |
| ३. | गिटि निकासी तथा पैठारी | टिपर/ ट्रक ठुलो प्रति पटक | रु. ९००।- |
| ४. | वालुवा निकासी तथा पैठारी | ट्याक्टर प्रति पटक | रु. ३००।- |
| ५. | ढुङ्गा निकासि तथा पैठारी | टिपर/ ट्रक ठुलो प्रति पटक | रु. ५००।- |
| ६. | ढुङ्गा निकासि तथा पैठारी | ट्याक्टर प्रति पटक | रु. १५०।- |
| ७. | कवाडी | प्रति के.जी. | रु. १।- |
| ८. | अमृसो | प्रति के.जी. | रु. २।- |

| | | | |
|---|---|---|---|
| ९. | आँप, केरा, सुन्तला लगायत निकासी जन्य फलफूल | प्रति क्यारेट | रु. ३०।- |

(ख) जीवजन्तु/सबै प्रकारको

| क्र.सं. | जीवजन्तु/सबै प्रकारको | | रु. | कैफियत |
|---|---|---|---|---|
| १. | माछा कर | प्रति दिन बिक्री स्टल | १००।- | |
| २. | गाई, गोरु, , रागाँ, भैसी बाह्य निकासी | प्रति गोटा | १००।- | |
| ३. | खसी, बाखा, भेडा, बोका, सुङ्गुर, बङ्गुर बाह्य निकासी | प्रति गोटा | ५०।- | |

(ग) जडिबुटी कर

| क्र.सं. | जडिबुटी कर | प्रति के.जी.रु. | कैफियत |
|---|---|---|---|
| १. | चिराइतो | ५।- | |
| २. | बोधिचित्त | कारोबार रकमको १% | |
| ३. | अलैंचि | १०।- | |
| ४. | माथि उल्लेख नभएका बनजन्य जडीबुटी कारोबार गरे वापत थप व्यवसाय निकासी समेत | ५।- | |

## अनुसूची-६

### दफा (९) सँग सम्बन्धित बहाल बिटौरी शुल्क

(घ) हाटबजार कर तथा एम्बुलेन्स, ब्याकहो तथा अन्य भाडा दर

| क्र.सं. | हाटबजार कर | बार्षिक दर | कैफियत |
|---|---|---|---|
| १. | चिसापानी हाटबजार कर न्यूनतम | ३००००।- | |
| २. | पशु हाट कर न्यूनतम | ३००००।- | |
| ३. | एम्बुलेन्स भाडा दर देहाय बमोजिम हुनेछः | | |
| | | | |

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

| | | |
|---|---|---|
| | १. स्वास्थ्य संस्थामा न्यूनतम ४ पटक गर्भवती जाँच गरेका र स्वास्थ्य संस्थाले रेफर गरेका गर्भवती, सुत्केरी महिला बिरामीहरुको लागि निःशुल्क ।<br>२. दलित ८० वर्ष र अन्य ८५ वर्ष भन्दा माथिका अन्य बिरामीलाई निःशुल्क।<br>३. दलित ७० वर्ष र अन्य ८० वर्ष भन्दा माथिका वृद्धहरुको लागि ५० प्रतिशत छुट।<br>४. 'क' वर्गका अपाङ्ग र क्यान्सर रोगी प्रमाणीतलाई ५० प्रतिशत छुट।<br>५. अति विपन्न र असहायहरुको अवस्था हेरी कार्यपालिकाले शुल्क रकममा छुटको ब्यवस्था गर्न सक्नेछ। सुविधा प्राप्त गर्नको लागि आवश्यक प्रमाण पेश गर्नु पर्ने छ। | १. चिसापानी-बंशिला रु. ५५००।-<br>२. डम्वर्खु वडा कार्यालय र भञ्याङ्ग खर्क, कुईभिर, कात्तिके, चुम्लुङ्ग-चिसापानी रु. २५००।-<br>३. सामाताङ्ग होप्सिका सेलेवा-चिसापानी रु. ३०००।-<br>४. २ नं. वडा बोपुङ्ग-चिसापानी रु. ३०००।-<br>५. चिसापानी-बोपुङ्ग मैनाटार- बंशिला रु.७०००।-<br>६. १ नं. वडा बुवाखोला वारी-चिसापानी रु.२५००।-<br>७. १ नं. वडा बुवाखोला पारी-चिसापानी रु.४५००।-<br>८. चिसापानी -१ नं. वडाका सबै भुभाग- बंशिला रु. ६०००।-<br>९. बंशिला देखि १ नं. वडा बुवाखोला पारी रु. २५००।-<br>१०. ३ नं. वडा कार्यालय काहुले- चिसापानी रु. २०००।-<br>११. सालम्वु-चिसापानी रु. २०००।-<br>१२. आरुवोटे, छिमावा-चिसापानी रु.१५००।-<br>१३. ६ नं. वडा कार्यालय,निगाल वास रु. १०००।-<br>१४. ६ नं. वडा कर्यालयसम्मको रु.१५००।-<br>१५. ६ नं. वडाका अन्यत्र स्थानवाट-चिसापानी रु. १५००।-<br>१६. ६ नं.वडाका सबै स्थान वाट-बंशिला रु. ६०००।-<br>१७. ५ नं. वडा खुटा बगैचा बैरिनटार डाँडा खर्क वितलव २०००।-<br>१८. घोर्ले छेतुवा पाथिभारा- चिसापानी रु. १५००।-<br>१९. ५ नं. वडाका बजार क्षेत्र रु ५००।-<br>२०. होङ्गमापोखरी थलाखाम चिसापानी रु १०००।-<br>२१ अन्यत्रबाट चिसापानीआई बंशिलाको जानु परेमा अन्यत्र स्थानबाट चिसापानी आउने शुल्क र चिसापानी बंसिलाको शुल्क थप गरिनेछ।<br>२२. चिसापानी थामखर्क बिमानस्थल रु. ५०००।-<br>२३. चिसापानी - रसुवा रु ७०००।- |
| ४. | गाउँ पालिकाको ब्याक हो लोडरको JCB ब्याकहो तथा अन्य मेशिनरी सामाग्री भाडा दर देहाय बमोजिम हुने छ । | १.सम्पुर्ण खर्च पालिकाद्वारा ब्यहोरिने प्रति घण्टा रु. ४०००।- (इन्धनको मूल्य समायोजन अनुरुप कार्यपालिकाबाट प्रतिघण्टा दर शंसोधन गर्न सकिनेछ)<br>२.मेशिन मात्रको प्रति घण्टा रु. १५००।-, मेशिन मात्र प्रयोग गर्नेले अन्य खर्च व्यहोर्नु पर्नेछ।<br>३.कोर कटर (१०० mm डाई ) प्रतिदिन रु १५००।-<br>४.कोर कटर (१५० mm डाई ) प्रतिदिन रु २०००।-<br>५.टोटल स्टेशन प्रतिदिन रु १५००।- |
| ५. | चिस्यान केन्द्र शुल्क | १.भाडा प्रति ब्लक-बार्षिक रु. ५००००।-, अर्धबार्षिक रु. २७५००।-, मासिक रु. ५०००।- र साप्ताहिक रु. १३००।- |

| | | | |
|---|---|---|---|
| | | २. विद्युत खपत युनिट र उपयोग गरेको परिणामका आधारमा प्राविधिक प्रतिवेदन अनुसार तोक्न गाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गरिएकोछ। | |
| ६. | कोशेली घर | १. स्थानीय उत्पादन निःशुल्क– <br> २. सटर प्रति सटर बार्षिक रु. ३५०००।-, मासिक रु. ३०००।- विद्युत र अन्य सरसफाई शुल्क स्वयंले तिर्नुपर्नेछ। | |

माथि जुनसुकै विवरण उल्लेख भएता पनि जन्तेढुङ्गा गाउँ पालिका अन्तर्गतका कृषकहरुले उत्पादन गरेर विक्रि गर्न ल्याएका कृषि उपजहरुमा हाटकर लगायत कुनै पनि किसिमका कर लिईने छैन ।

## अनुसूची-७

### दफा (१०) सँग सम्बन्धित सडक मर्मत एवं सवारी साधन पार्किङ्ग शुल्क

(क) पार्किङ्ग शुल्क

| क.सं. | विवरण | दैनिक रु. | प्रति घण्टा रु. |
|---|---|---|---|
| १. | जीप, ट्र्याकटर, बस | १००।- | १०।- |
| २. | तीन पाङ्ग्रे | ३०।- | ५।- |
| ३. | दुई पाङ्ग्रे | १०।- | - |
| ४. | ब्याक हो लोडर/ ईस्काभेटर | १००।- | २०।- |

(ख) सडक मर्मत शुल्क

| सि.न. | शिर्षक | ढुवानी साधनको किसिम | दर-रेट |
|---|---|---|---|
| १. | बाहिरबाट आएका ट्रक | प्रति पटक | रु. ३००।- |
| २. | बाहिरबाट आएका चार पाङ्ग्रे अन्य सवारी साधन (ट्र्याकटर, बस, बुलेरो लगायत) | प्रति पटक | रु. २००।- |
| ३. | स्थानीय रुटमा चल्ने (जीप, ट्र्याक्टर, बस लगायत) सवारी साधन | बार्षिक | रु. ३०००।- |
| ४. | तिन पाङ्ग्रे सवारी साधन | बार्षिक | रु. १५००।- |
| ५. | दुई पाङ्ग्रे सवारी साधन (सार्वजनिक प्रयोजन) | बार्षिक | रु. १०००।- |

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

# अनुसूची-८

## दफा (११) सँग सम्बन्धित सेवा शुल्क र दस्तुर

| क्र.सं. | विवरण | आ.व. २०८३/८४ | कैफियत |
|---|---|---|---|
| १. | मौजुदा सूची दर्ता शुल्क (VAT) | १०००।- | |
| २. | मौजुदा सूची दर्ता शुल्क (PAN) | ५००।- | |
| ३. | व्यक्तिगत घटना दर्ता/सिफारिस ३५ दिनभित्र | निःशुल्क | |
| ४. | व्यक्तिगत घटना दर्ता ३५ दिन पछी | ५००।- | |
| ५. | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | ३००।- | |
| ६. | सम्वन्ध विच्छेद प्रमाणित | ५००।- | |
| ७. | अस्थायी बसोबास सिफारिस | २००।- | |
| ८. | स्थायी बसोबास सिफारिस | ५००।- | |
| ९. | नाता प्रमाणित सिफारिस | २००।- | |
| १०. | संरक्षक सिफारिस (व्यक्तिगत ) | १००।- | |
| ११. | संरक्षक सिफारिस(संस्थागत ) | २००।- | |
| १२. | जिवित रहेको सिफारिस | १००।- | |
| १३. | जन्म मिति संशोधन सिफारिस | ५००।- | |
| १४. | व्यक्तिगत विवरण प्रमाणितसिफारिस | १००।- | |
| १५. | जन्म मिति प्रमाणित | २००।- | |
| १६. | विवाह प्रमाणित | २००।- | |
| १७. | अविवाहित प्रमाणित | ५००।- | |
| १८. | मृत्यू प्रमाणित | १००।- | |
| १९. | सम्वन्ध भएको/नभएको प्रमाणित | २००।- | |
| २०. | बहुउदेश्य सहकारी संस्था सिफारिस | २००।- | |
| २१. | बचत तथा ऋण सहकारी सिफारिस | २००।- | |
| २२. | कृषि सहकारी संस्था सिफारिस | २००।- | |
| २३. | संचार सहकारी सिफारिस | २००।- | |
| २४. | तालिम प्रदायक संस्था सिफारिस | २००।- | |
| २५. | स्काभेटर मेशिन प्रतिपटक | ६०००।- | यस गाउँ पालिकामा दर्ता नविकरण नभएको । |
| २६. | ब्याक हो लोडर मेशिन प्रतिपटक | ४०००।- | यस गाउँ पालिकामा दर्ता नविकरण नभएको । |
| २७. | घरेलु उधोग सिफारिस | २००।- | |
| २८. | पारिवरिक विवरण प्रमाणित | ५००।- | |
| २९. | साना उधोग सिफारिस | २००।- | |
| ३०. | कृषि तथा पशु फर्म | २००।- | |
| ३१. | टोल विकास संस्था सिफारिस | १००।- | |
| ३२. | जल उपभोक्ता संस्था सिफारिस | २००।- | |

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३३. | संस्था दर्ता (NGO) गैर नाफामुलक सिफारिस | २००।- | |
| ३४. | संस्था दर्ता (INGO) गैर नाफामुलक सिफारिस | ५००।- | |
| ३५. | घर तला प्रमाणित | २००।- | |
| ३६. | फरक फरक नाम, थर शिफारिस/प्रमाणित | २००।- | |
| ३७. | फरक फरक जन्म मिति प्रमाणित/ शिफारिस | २००।- | |
| ३८. | चालचलन सम्बन्धि, तीनपुस्ते, सिफारिस (नेपाली) | २००।- | |
| ३९. | चालचलन सम्बन्धि तीनपुस्ते, सिफारिस (अँग्रेजी) | ५००।- | |
| ४०. | कागज मञ्जुरीनामा प्रमाणित | २००।- | |
| ४१. | संरक्षक प्रमाणित | २००।- | |
| ४२. | बसाई सराई दर्ता तथा सिफारीस | निःशुल्क | |
| ४३. | वैदेशिक रोजगार प्रमाणित सिफारिस अंग्रेजिमा प्रति सिफारिस | ५००।- | |
| ४४. | वैदेशिक भुतपूर्व सैनिक/प्रहरीको हकमा नाम थर एउटै/संशोधन प्रमाणित गर्ने सिफारिस (ब्रिटिश, सिँगापुर) | १५००।- | |
| ४५. | वैदेशिक भुतपूर्व सैनिकको हकमा नाम थर एउटै/संशोधन प्रमाणित गर्ने सिफारिस (भारत) | १०००।- | |
| ४६. | पेन्सन पट्टा सम्बन्धि सिफारिस | | |
| | क) नेपालमा सेवारत | २००।- | |
| | ख) भारतमा सेवारत | ५००।- | |
| | ग) अन्य मुलुकमा सेवारत | १०००।- | |
| ४७. | नाता प्रमाणित सिफारिस (नेपाली) | २००।- | |
| ४८. | सर्जमिन गर्नुपर्नेका हकमा नाता प्रमाणित | ५००।- | |
| ४९. | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | ५००।- | |
| ५०. | विपन्न विद्यार्थी छात्रबृत्ति प्रमाणित सिफारीस | निःशुल्क | |
| ५१. | छात्रबृत्ति प्रमाणित सिफारिस | २००।- | |
| | छात्रबृत्ति प्रमाणित सिफारिस (वैदेशिक) | ५००।- | |
| ५२. | अपांग प्रमाणित सिफारिस | निःशुल्क | |
| ५३. | जेष्ठ नागरिक, एकल महिला सिफारिस | निःशुल्क | |
| ५४. | नाबालक सम्बन्धी सिफारिस अंग्रेजीमा | ५००।- | |
| ५५. | नाबालक सम्बन्धी सिफारिस नेपालीमा | २००।- | |
| ५६. | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | |
| ५७. | सःशुल्क स्वास्थ्य उपचार सिफारिस | २००।- | |
| ५८. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने | २००।- | |
| ५९. | अन्य कार्यालयको माग अनुसार रोहबरमा बसी विवरण खुलाई पठाउन पर्नेमा | ५००।- | |
| ६०. | मोहि जग्गा वा अन्य नामसारी सिफारिस | २००।- | |
| ६१. | मोही लगत कट्टा | २००।- | |
| ६२. | घर कायम सिफारिस (व्यापारिक प्रयोजन) | १०००।- | |
| ६३. | घर कायम सिफारिस (अन्य) | ५००।- | |
| ६४. | जग्गा दर्ता सिफारिस (निषेधित बाहेक प्रति रोपनी) | १०।- | |
| ६५. | कित्ताकाट सिफारिस(प्रति कित्ता ) | २००।- | |
| ६६. | जग्गा नामसारी/किनबेच सिफारीस | २००।- | |
| ६७. | अंशवण्डा सिफारिस (प्रति अंश ) | २००।- | |
| ६८. | जग्गाको हक सम्बन्धमा सिफारिस | २००।- | |

| | | | |
|---|---|---|---|
| ६९. | घर बाटो प्रमाणित, (मुल सडक अन्तर्गत ) | ५००।- | |
| ७०. | घर बाटो प्रमाणित, (शाखा सडक अन्तर्गत ) | २००।- | |
| ७१. | चार किल्ला प्रमाणित | २००।- | |
| ७२. | हकदार भएको प्रमाणित सिफारिस | २००।- | |
| ७३. | वडा सर्जिमिन मुचुल्का | ३००।- | |
| ७४. | सामाजिक सुरक्षासम्वन्धि सिफारिस | निःशुल्क | |
| ७५. | हकदार नभएको प्रमाणित सिफारिस | २००।- | |
| ७६. | जग्गा रेखाङ्कन सम्बन्धी रोहबरमा बस्ने | २००।- | |
| ७७. | जग्गा धनीपुर्जा हराएको शिफारिस | निःशुल्क | |
| ७८. | पुर्जामा घर कायम गर्ने सिफारिस | २००।- | |
| ७९. | घर नक्शाः | | |
| | क) घर नक्शा प्रतिलिपि १ सेट | १००।- | |
| | ख) घर नक्शा अन्य कागजात प्रति पाना नक्कल दस्तुर | १५।- | |
| | ग) सम्पन्न प्रमाणपत्र/ प्रतिलिपि (फोटो टाँसेको) | ५००।- | |
| | घ) घर नक्शा निवेदन फायल दस्तुर | १००।- | |
| | **घर नक्शा पास दस्तुरः** | | |
| | क) १००० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | १।- | |
| | ख) १५०० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | १.५।- | |
| | ग) २५०० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | २।- | |
| | घ) २५०१ भन्दा माथि रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | २.५।- | |
| | ङ) सिमेन्ट जोडाई कम्पाउड प्रति रनिंग फिट | ०.५।- | |
| | च) गिलेवा जोडाई प्रति वर्ग फिट | ०.५।- | |
| | छ) काठै काठको घर प्रति वर्ग फिट | ०.५।- | |
| | ज) टिनको छानो सिमेन्ट ईटा जोडाई प्रति वर्ग फिट | ०.५।- | |
| | झ) फलामको खम्बाभई टिनको छानो (ट्रस्ट) बाट बनेको प्रति वर्ग फिट | १।- | |
| | ञ) घर अभिलेखिकरण प्रति वर्ग फिट | २।- | |
| ८०. | भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजनको लागि प्रति वर्ग फुट | ३।- | |
| ८१. | भवन निर्माण स्वीकृती आवाशीय प्रयोजनको लागि प्रति वर्ग फुट | १।- | |
| ८२. | भवनको निर्माण स्वीकृती मापदण्ड भित्र रहेता पनि नक्सा स्वीकृति नलिई निर्माण भैसकेको भवनको र जरिवाना गरी नक्सा स्वीकृत गर्नु परेमा प्रति वर्ग फुट | ३।- | |
| ८३. | भवन नक्सा नामसारी दस्तुर | १०००।- | |
| ८४. | भवन निर्माण अनुमती दस्तुर | १०००।- | |
| ८५. | भवन निर्माण नक्सा पास | ५०००।- | |
| ८६. | नक्सा पास निवेदन फारम दस्तुर | १००।- | |
| ८७. | नक्सा पास नक्कल दस्तुर | ५००।- | |
| ८८. | निर्माण सम्पन्न प्रमाणपत्र (व्यवसायीक) | २०००।- | |
| ८९. | निर्माण सम्पन्न प्रमाणपत्र (आवासीय) | १०००।- | |
| ९०. | घरको स्थलगत सर्जमिन र अमिन रेखाङकन | १००।- | |
| ९१. | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) कच्ची | १००।- | |
| ९२. | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) पक्की | ५००।- | |
| ९३. | घर नामसारी (प्रतिघर) | ५००।- | |
| ९४. | घरबाटो सिफारिस प्रतिलिपि | १००।- | |
| ९५. | घरको अवस्था प्रमाणित प्रति वर्ग फिट | २।- | |

| | | | |
|---|---|---|---|
| ९६. | आर्थिक अवस्था सम्बन्धी सिफारिश (बलियो) | १५००।- | |
| ९७. | आर्थिक अवस्था सम्बन्धी सिफारिश (कमजोर) | नि:शुल्क | |
| ९८. | वनजन्य रुख/काठ कटान सिफारीस | १०००।- | |
| ९९. | उल्लेखित बाहेक अन्य सिफारिस | २००।- | |
| १००. | वार्षिक चल आय प्रमाणित सिफारिस (थप एकाईमा थप नहुने) | | |
| | १ देखी ५ लाख रुपैयाँ सम्म | २००।- | |
| | ५लाख देखी १० लाख रुपैयाँ सम्म | ५००।- | |
| | १० देखी २० लाख रुपैयाँ सम्म | १५००।- | |
| | २० देखी ५० लाख रुपैयाँ सम्म | २०००।- | |
| | ५० लाख देखी १ करोड रुपैयाँ सम्म | ३०००।- | |
| | १ करोड रुपैयाँ भन्दा माथी | ५०००।- | |

वार्षिक अचल सम्पत्ति मूल्याङ्कन सिफारिस गर्दा घर जग्गा कर देहाय बमोजिम तोकिएको छः-

| क्र.स. | विवरण (प्रत्येक एकाईको एकमुष्ठ, थप नलाग्ने) | आ.व. २०८३।०८४ को |
|---|---|---|
| १. | १ देखी ५ लाख रुपैयाँ सम्म | २००।- |
| २. | ५लाख देखी १० लाख रुपैयाँ सम्म | ५००।- |
| ३. | १० देखी २० लाख रुपैयाँ सम्म | २०००।- |
| ४. | २० देखी ३० लाख रुपैयाँ सम्म | ३०००।- |
| ५. | ३० देखी ५० लाख रुपैयाँ सम्म | ४०००।- |
| ६. | ५० लाख देखी १ करोड रुपैयाँ सम्म | ५०००।- |
| ७. | १ करोड रुपैयाँ भन्दा माथी | ६०००।- |

| | | | |
|---|---|---|---|
| १०१. | बहाल कर लेखाजोखा सिफारिस | १००।- | |
| १०२. | नागरिकता सिफारिस (वंशज) | ३००।- | |
| १०३. | नागरिकता प्रतिलिपी सिफारिस | ५००।- | |
| १०४. | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | १०००।- | |
| १०५. | नागरिकतामा विवरण संसोधन सिफारिस | ५००।- | |
| १०६. | विद्युत जडान सिफारिस | २००।- | विपन्न नि:शुल्क |
| १०७. | धारा जडान सिफारिस | २००।- | विपन्न नि:शुल्क |
| १०८. | टेलिफोन जडान सिफारिस | ५००।- | |
| १०९. | टेलिफोन जडान सिफारिस (नक्सा पास नभएको) | २००।- | |
| | टेलिफोन नामसारी ठाउँसारी | २००।- | |
| ११०. | उद्योग ठाउँसारी सिफारिस | ५००।- | |
| १११. | उद्योग स्थापना सिफारिस दस्तुर | | |
| | ठूला उद्योग | १०००।- | |
| | मझौला उद्योग | ५००।- | |
| | साना उद्योग | १००।- | |
| ११२. | प्यान दर्ता सिफारिस | २००।- | |
| ११३. | भ्याट दर्ता सिफारिस | ५००।- | |
| ११४. | प्यान बन्द सिफारिस | १००।- | |
| ११५. | भ्याट बन्द सिफारिस | १००।- | |
| ११६. | उपभोक्ता समिति दर्ता/नवीकरण सिफारिस १ वर्ष भन्दा बढी भएको | ५००।- | |
| ११७. | मिलापत्र कागज गराउने | ५००।- | पटकै पिच्छे थप १००।- हुने |
| ११८. | कुनै व्यक्ति उपर मुद्दा दर्ता गर्नु परेमा दर्ता शुल्क | १००।- | उजुरी तथा मुद्दा |

| | | | |
|---|---|---|---|
| | | | दुवै गरी रु ५५०।- हुने |
| ११९. | न्यायीक समितिबाट आदेश/फैसला भएको कागजातको प्रमाणित प्रतिलिपि | २००।- | |
| १२०. | गाँउपालिका पार्श्वचित्र (Profile) | ५००।- | |
| १२१. | अदालत शुल्क मिनाहा सिफारिस | नि:शुल्क | अख्तियारवालाले तोक्ने |
| १२२. | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर नयाँ) | १००।- | |
| | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर प्रतिलिपि | १००।- | |
| | पारिवारिक लगत कार्ड(सरसफाई कार्डको दस्तुर नविकरण) | १००।- | |
| १२३. | हातहतियार नविकरण/ सिफारिस (परम्परागत) | ५००।- | |
| १२४. | हातहतियार नविकरण/सिफारिस (आधुनिक) | १०००।- | |
| १२५. | अन्य प्रमाणित/सिफारिस (अंग्रेजी) माथी उल्लेख नभएको | ५००।- | |
| १२६. | अन्य प्रमाणित/सिफारिस नेपाली र अन्य माथी उल्लेख नभएको | २००।- | |
| १२७. | कृषि/पशु फर्म दर्ता सिफारिस | २००।- | |
| १२८. | कृषि/पशु फर्म नविकरण सिफारिस | १००।- | |
| १२९. | IEE/EIA परिक्षण सिफारिस (कुल लागत अंकको परिमाण हेरी) | | |
| | क) लागत रु १ लाख देखि २० लाख सम्मको | ५००।- | |
| | ख) लागत रु २० लाख देखि ३० लाख सम्मको | १०००।- | |
| | ग) लागत रु ३० लाख देखि ५० लाख सम्मको | ३०००।- | |
| | घ) लागत रु ५० लाख देखि ७० लाख सम्मको | ५०००।- | |
| | ङ) लागत रु७० लाख देखि १ करोड सम्मको | ८०००।- | |
| | च) लागत रु १ करोड देखि २ करोड सम्मको | १००००।- | |
| | छ) लागत रु २ करोड देखि माथि | १५०००।- | |
| १३०. | गाउँपालिकाको हल भाडा प्रतिदिन | १०००।- | |
| १३१. | वडा कार्यालयको हल भाडा प्रतिदिन | ५००।- | |
| १३२. | प्रोजेक्टर भाडा प्रतिदिन | ५००।- | |
| १३३. | सडक बत्ति वार्षिक | १००।- | |
| १३४. | फोहर मैला व्यवस्थापन प्रति घर बजारक्षेत्र वार्षिक | ५००।- | |
| १३५. | सार्वजनिक शौचालय दोभान बजार र अन्य क्षेत्र प्रयोग शूल्क प्रति व्यक्ति/प्रति पटक | १०।- | |
| १३६. | पौडी पोखरी डुङ्गा समेत प्रति व्यक्ति | २०।- | |
| १३७. | हाटबजार,मेला, खेलकुद सञ्चालन अनुमति | ५००।- | |
| १३८. | १. झोले /पोके व्यवसायी पटके कर (दर्ता नभएका व्यवसाय प्रति पटक)<br>२. प्रति पोका (गाउँपालिकामा दर्ता नभएका व्यवसायी)<br>३. प्रति टिप्पर /पिकअप /ट्र्याक्टर प्रति ट्रक | १००।-<br>१००।-<br>५००।- | |

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय चिसापानी, खोटाङ कोशी प्रदेश, नेपाल २०७३

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

## अनुसूची-९

### दफा (१४) सँग सम्बन्धित जरिवाना

| क.स. | प्रकार | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १. | जानी-जानी सार्वजनिक सडकलाई असर पुग्ने गरि सडकमा पानी कुलो लगाएमा । | पहिलो पटक -५००।-<br>दोस्रो पटक-३०००।-<br>तेश्रो पटक-१००००।- | |
| २. | गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका झै-झगडा ,सामाजिक विवाद, द्वन्द वापत लगाउने जरिवाना, शुल्क । | सम्वन्धित निकाय वा कानूनले तोके बमोजिम हुनेछ । | |

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष